# विराटनगर महानगरपालिका

**बैठक संख्या: ३५**
**मिति: २०७५/०९/२४**

**बैठक प्रारम्भ: विहान ७ :०० बजे**
**बैठक स्थगन: ९.०० बजे**

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धवं अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल यादव | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री कुमारप्रसाद दाहाल | |
| ३१ | आ.सहयोगी | श्री अर्जुन थपलिया(सामान्य प्र.महाशाखा) | |
| ३२ | आमन्त्रित | राजेन्द्र प्रधान | |

विराटनगर महानगरपालिका दोश्रो नगरसभाले पारित गरेका नीतिहरुलाई निरन्तरता दिँदै तपसिल बमोजिमका निर्णयहरु तेस्रो नगरसभा समक्ष पारितका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय न १.

विराटनगर महानगरपालिका वडा नं १८ स्थित ऐतिहासिक एवं पुरातात्वीक विराटराजाको दरवारको सार्वजनिक निजी साझेदारीवाट निर्माण एवं संचालन गर्न १५ विगाहा जग्गा खरिद गर्न रु.५ करोड विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

विराटनगर महानगरपालिका वडा नं ९ स्थित वुधहाट चोक स्थित वि प्लटमा सार्वजनिक निजी साझेदारीमा Smart Parking Facilities निमार्ण गर्ने निर्णय गरियो ।

निर्णय नं.३

यस महानगरपालिकाको दोश्रो नगर सभावाट पारित भएको आर्थिक ऐन २०७५ लाई संसोधन गर्ने नगर कार्यपालिकाको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

आ.व. २०७५।०७६ को दोश्रो नगर परिषदवाट वडा नं. १६ का योजनाहरु संसोधन गर्ने निर्णय गरियो । खर्च शिर्षक नं. ३११५१ नवराज पौडेल देखि राजु यादवसम्म पिच रकम रु.८ लाखको सट्टा गणपति कटन मिल देखि सुरेस मंडलको घरको कलभर्टसम्म ग्राभेल गर्ने रकम रु.६ लाख, गुम्वा देखि ध्रुव आचार्यको घरसम्म नाला र पिच रकम रु.१० लाखको सट्टा राजु चौधरी देखी परशुरामसम्म ग्राभेल गर्ने कार्य रु.६ लाख, सुधिया चौवान देखि रविन्द्रनाथसम्म रकम रु.३ लाखको सट्टा भट्टीमोडको पुरानो कलभर्ट मर्मत रकम रु.३ लाख, विमला सुवेदीको घर उत्तर दुवै तर्फ पक्की नाला रकम रु.५ लाखको सट्टा विनोद पण्डीत देखी राम प्र. सहनीसम्म ग्राभेल गर्ने रकम रु.६ लाख साथै वडाको विभिन्न स्थानमा ग्राभेल गर्ने कार्यका लागी रु.५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५

सामुदायिक विद्यालयहरुमा भौतिक निर्माण, सूधार सम्वन्धी कार्य गर्दा कानून बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति वहाल रहेको अवस्थामा उक्त समितिले गठन गरेको निर्माण समिति मार्फत विकास निर्माणका कार्य गराउन सकिने छ ।

निर्णय नं.६

सामुदायिक विद्यालयमा विकास निर्माण कार्य गर्दा विद्यालयको आर्थिक अवस्था र श्रोत हेरी लागत सहभागिता सून्य देखि १० प्रतिशत सम्म तोक्न सकिने छ ।

निर्णय नं.७

सामुदायिक विद्यालय सम्वन्धी महानगर कार्यपालिका र वडा कार्यालयवाट गरिने सिफारिस दस्तुर रु. १०० कायम गरिने छ ।बाल विकास विद्यालय सम्वन्धी सिफारिसमा कुनै शुल्क लिइने छैन ।

निर्णय नं.८

सामुदायिक विद्यालयका शिक्षकहरुको आन्तरिक स्थानीय सरुवा/सिट रोल प्रमाणित निःशुल्क गर्ने निर्णय गरियो ।

निर्णय नं.९

खुल्ला दिशा मुक्त क्षेत्र घोषणा तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धनका लागि पूर्ण सरसफाई कार्यक्रम संचालनार्थ वल्डभिजनवाट यस महानगरपालिकामा प्राप्त भएको रकम रु.१,५०,०००।०० (एक लाख पचास हजार) वाट कार्य गरिने छ ।

निर्णय नं.१०

नगर रक्षकलाई राशन भत्ता वापत प्रति महिना रु.१,०००।०० (एक हजार) माघ २०७५ देखि थप गर्ने । तथा स्वास्थ्य स्वयंसेविकाहरुलाई न.पा.को तर्फबाट वार्षिक २,५००।० (दुइ हजार पांच सय) थप पोशाक खर्च उपलब्ध गरांउने ।

निर्णय नं.११

वडा नं. १७ को वडा कार्यालय भवन फिनिसिङ्गको लागि ३०,००,०००।० (तीस लाख) विनियोजन गर्ने । वडा न. १८ को भवन निमार्ण गर्नका लागि ३०,००,०००।० (तीस लाख) तथा वडा नं. ११ को लागि ३०,००,०००।० (तीस लाख) विनियोजन गर्ने ।

निर्णय नं.१२

वडा नं. १४ स्थित खर्च शिर्षक ३१११२ मा सरस्वती चौक दक्षिणमा पर्ने सार्वजनिक जग्गामा हेल्थपोष्ट निर्माणका लागि विनियोजित रकमलाई वडा कार्यालय भवन निर्माणमा रकमान्तर गर्ने ।

निर्णय नं.१३

महानगरपालिकाको १९ वटै वडा कार्यालयहरुलाई बैठक व्यवस्थापन, अन्तरक्रिया तथा छलफल र आवश्यक कार्यालय सामान खरीदका लागि वार्षिक रु.१ लाख थप व्यवस्थापन खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४

आ.व. २०७५।०७६ को बजेट शीर्षक नं. ३११५१ मा नयां प्रगती मार्गमा नाला ग्राभेल का लागि २०,००,०००।० विनियोजन भएको र उक्त प्रगति मार्ग तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत छनौट भएको हुंदा सो शीर्षकको बजेट मध्येबाट वडामा बिजुलीबत्ति, ढल निकास र सरसफाइका लागि ४,००,०००।० तथा साहित्यकार डा.नरेन्द्र चापागाई प्रतिष्ठानलाई ५०,०००।० विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

वडा नं. ११ मा रहेको ज्येष्ठ नागरिक समाजलाई सहयोग गर्नुपर्ने भएको हुंदा बजेट शीर्षक नं.२२५१२ जनजातिको बजेटबाट खर्च हुने गरी ४२,०००।० मात्र उक्त ज्येष्ठ नागरिकसमाजलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६

सामुदायिक विद्यालयमा विकास निर्माण कार्य गर्दा विद्यालयको आर्थिक अवस्था र श्रोत हेरी लागत सहभागिता सून्य देखि १० प्रतिशत सम्म तोक्न सकिने छ।

निर्णय नं.७

सामुदायिक विद्यालय सम्वन्धी महानगर कार्यपालिका र वडा कार्यालयवाट गरिने सिफारिस दस्तुर रु. १०० कायम गरिने छ।बाल विकास विद्यालय सम्वन्धी सिफारिसमा कुनै शुल्क लिइने छैन।

निर्णय नं.८

सामुदायिक विद्यालयका शिक्षकहरुको आन्तरिक स्थानीय सरुवा/सिट रोल प्रमाणित निःशुल्क गर्ने निर्णय गरियो।

निर्णय नं.९

खुल्ला दिशा मुक्त क्षेत्र घोषणा तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धनका लागि पूर्ण सरसफाई कार्यक्रम संचालनार्थ वल्डभिजनवाट यस महानगरपालिकामा प्राप्त भएको रकम रु.१,५०,०००।०० (एक लाख पचास हजार) वाट कार्य गरिने छ।

निर्णय नं.१०

नगर रक्षकलाई राशन भत्ता वापत प्रति महिना रु.१,०००।०० (एक हजार) माघ २०७५ देखि थप गर्ने। तथा स्वास्थ्य स्वयंसेविकाहरुलाई न.पा.को तर्फबाट वार्षिक २,५००।० (दुइ हजार पांच सय) थप पोशाक खर्च उपलब्ध गरांउने।

निर्णय नं.११

वडा नं. १७ को वडा कार्यालय भवन फिनिसिङ्को लागि ३०,००,०००।० (तीस लाख) विनियोजन गर्ने। वडा न. १८ को भवन निमार्ण गर्नका लागि ३०,००,०००।० (तीस लाख) तथा वडा नं. ११ को लागि ३०,००,०००।० (तीस लाख) विनियोजन गर्ने।

निर्णय नं.१२

वडा नं. १४ स्थित खर्च शिर्षक ३१११२ मा सरस्वती चौक दक्षिणमा पर्ने सार्वजनिक जग्गामा हेल्थपोष्ट निर्माणका लागि विनियोजित रकमलाई वडा कार्यालय भवन निर्माणमा रकमान्तर गर्ने।

निर्णय नं.१३

महानगरपालिकाको १९ वटै वडा कार्यालयहरुलाई बैठक व्यवस्थापन, अन्तरक्रिया तथा छलफल र आवश्यक कार्यालय सामान खरीदका लागि वार्षिक रु.१ लाख थप व्यवस्थापन खर्च उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१४

आ.व. २०७५।०७६ को बजेट शीर्षक नं. ३११५१ मा नयां प्रगती मार्गमा नाला ग्राभेल का लागि २०,००,०००।० विनियोजन भएको र उक्त प्रगति मार्ग तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत छनौट भएको हुंदा सो शीर्षकको बज़ेट मध्येबाट वडामा बिजुलीबत्ति, ढल निकास र सरसफाइका लागि ४,००,०००।० तथा साहित्यकार डा.नरेन्द्र चापागाई प्रतिष्ठानलाई ५०,०००।० विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं.१५

वडा नं. ११ मा रहेको ज्येष्ठ नागरिक समाजलाई सहयोग गर्नुपर्ने भएको हुंदा बजेट शीर्षक नं.२२५१२ जनजातिको बजेटबाट खर्च हुने गरी ४२,०००।० मात्र उक्त ज्येष्ठ नागरिकसमाजलाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१६

वडा नं. १८ स्थित मटिहरुवा चौक दक्षिण खोक्साहा हुदै भेडियारी भारतीय सीमासम्म कालोपत्रे २ किमी सडकको योजनाबाट श्रीराम आधारभुत फडानीको भौतिक पूर्वाधारको लागि रु.३,००,०००।० योजना परिवर्तन गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१७

वडा नं. १८ ICP देखि बुधनगरसम्म १०० मि. सडकको लागि रु.८,००,०००।० विनियोजन भएकोमा उक्त योजना परिवर्तन गरी कलियुग अमातको घरदेखि सियानन्द मण्डलको घर हुदै भोगानन्दको घरसम्म सडक ग्राभेल गर्ने निर्णय गरियो ।

निर्णय नं.१८

यस नगर सभावाट थप भएका वजेट तथा कार्यक्रमहरु दोश्रो नगर सभावाट पारित चालु आ.व. मा संचालन हुन नसक्ने योजना तथा कार्यक्रमहरुको वजेट खर्च (आन्तरिक श्रोत तर्फ, वित्तिय समानिकरण, राजश्व वाडफांड तर्फ) साथै नेपाल सरकारवाट प्राप्त हुने थप अनुदानवाट परिपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.१९

नगरवासीहरुको स्वास्थ्य उपचार तथा विद्यार्थीको नि:शुल्क छात्रवृति सिफारिसलाई नि:शुल्क गर्ने निर्णय गरियो ।

निर्णय नं.२०

वडा नं. १६ को वडा कार्यालय भवनका लागि जग्गा व्यवस्थापनको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं.२१

आ.व. २०७५/०७६ मा वडा नं. १२ अन्तर्गत विनियोजित निम्न बमोजिमका योजनाहरु कटौती गर्ने निर्णय गरियो:

क. वडा नं. ११ र १२ को सीमा सडकको योजना रु.२५,००,०००।०
ख. बखरी सशस्त्र क्याम्प पश्चिम दक्षिण प्रदीप यादवको घर जाने बाटोमा परेको योजना
ग. शिव मार्ग, शिव शंकर टोलमा परेको योजनाबाट रु.५,००,०००।०
घ. मिलन मार्गमा परेको योजनाबाट रु.२,००,०००।०

कटौती गरिएका उक्त बजेट (योजना) बाट तपसिल बमोजिमको ठाउंहरुमा थप गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

क. तारानाथ मार्ग रिटेनिङ्ग वाल रु.५,००,०००।०
ख. मोहन सुवेदीको घरको पूर्वको बाटो रिटेनिङ्ग वाल रु.४,००,०००।०
ग. बखरीमा पर्ने शिव मन्दिर मर्मत सम्भारको लागि रु.१,००,०००।०
घ. जाग्रेती टोलको बाटोमा रिटेनिङ्ग वाल थप रु.३,००,०००।०
ङ. नरेन्द्र भण्डारीको बाटोमा कालोपत्रे रु.४,००,०००।०
च. तेलिया पोखरी दशरथको घर दक्षिण पूर्वको बाटो आरसीसी रु.२,००,०००।०
छ. कविता काफ्ले प्रगति टोलको बाटो रिटेनिङ्ग वाल रु.४,००,०००।०
ज. लक्ष्मी टोल नारायण अधिकारीको बाटो रिटेनिङ्ग वाल रु.६,००,०००।०
झ. सिमराही टोलमा माटोको कामको लागि रु.२,००,०००।०
ञ. हृदयन्द्र टोलको बाटो रिटेनिङ्ग वाल रु.३,००,०००।०
ट. अभिवादन टोलमा थप रु.३,००,०००।०

ठ. खाल्डाखुल्डीको लागि बांकि बजेट विनियोजन गर्ने ।

निर्णय नं.२२

वडा न. ७ का लागि पाना न.८० मा हि.न. ३११५१ मा उल्लेख भएको मोतिराम स्मृति पार्कलाई स्तरोन्नती गरि सफा सुगन्ध राख्ने र निर्माण कार्य समेत गर्नका लागि विनियोजित रकम रु.२ लाख ५० हजार लाई सोहि पेजको हि.न. ३११५१ मा मोतीराम टोलमा सजल शाक्यको घरदेखि विमल खरेलको घर सम्म पिच गर्न रु ३ लाख विनियोजन गरिएमा थप गरि रु. ५ लाख पचास हजार गर्ने ।

निर्णय नं.२३

वडा न . ७ को पेज न. ८२ हि.न. ३११५९ सरस्वती मन्दिरका लागि विनियोजित रकम रु २ लाख लाई पेज न.८१ मा रहेको सत्यनारायण आ.वि. को रकम रु. ५० हजारमा थप गरि रु. २ लाख थप गरि रु. २ लाख ५० हजार विनियोजन गर्ने ।

निर्णय नं.२४

अस्पताल तथा मेडिकल कलेजहरुको साविक वार्षिक कर ३,००,०००।० निर्धारण गरिएकोमा यस नगरसभाबाट मेडिकल कलेजको कलेजको हकमा कायम राख्दै साना निजि अस्पताललाई रु.१,२५,०००।०, मझौला निजि अस्पताललाई रु.१,७५,०००।० र ठूला निजि अस्पताललाई रु.२,२५,०००।० वार्षिक कर निर्धारण गर्ने निर्णय गरियो । साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६३ ले परिभाषित गरेबमोजिम महानगरपालिकाको आर्थिक ऐन २०७५ को दफा १२ संशोधन गरि नेपाल सरकारका भवनहरु, विराटनगर महानगरपालिका, सरकारी वा सामुदायिक विद्यालय तथा सरकारी अस्पताल भवनहरुको मात्र सम्पत्ति कर छुट दिइनेछ ।

निर्णय नं.२५

महानगरपालिकाभित्र तत्कालिन मापदण्ड पूरा गरी निर्माण भइसकेका घर टहरा लगायतका संरचनाहरुको नक्सा दर्ता गराई पास गर्न गराउनका लागि २०७६ वैशाख मसान्तसम्मको म्याद दिई उक्त नक्सा पास प्रकृयामा लाग्ने दण्ड तथा जरिवानामा ८० प्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं.२६

विराटनगर महानगरपालिकाभित्र नेपाल सरकारको प्रचलित कानुन बमोजिम सिलबन्दी मदिरा विक्री वितरण अनुमतिलाई खुल्ला गर्ने र उक्त विषयलाई नियमन तथा व्यवस्थापन गर्न बनेको समितिबाट तयार भएको कार्यविधिले निर्धारण गरे बमोजिम कार्यान्वयन हुने निर्णय गरियो ।

निर्णय नं.२७

वडा नं. ७ अन्तर्गत आ.व. २०७५।०७६ को बजेट शीर्षक नं. ३१५१ को योजना प्रकाश सुवेदीको गल्ली निर्माणमा विनियोजन भएको रु.५,००,०००।० सो योजनाको रकमबाट आदर्श पुस्तकालय र मुरारकाबीचको गल्ली दक्षिणदेखि उत्तरसम्म शनिहाट छुने गरी बाटोमा ग्राभेल गर्ने निर्णय गरियो ।

निर्णय नं.२८

वडा न. ५ क. अन्तर्गत आ.व. २०७५/०७६ को शिर्षक न.३११५१ को लक्ष्मि मार्ग,दिपशिखा मार्ग पिच तथा नाला क्रमागत भएकोमा पिच हटाई ग्राभेल गर्ने,चांदनी चौक देखि गणेश चौक सम्म नाला,पिच निर्माण भएमा पिच हटाई ग्राभेल थप गर्ने,पंचेश्वरमार्ग नाला र पिच भएकोमा पंचेश्वर मार्ग राममन्दिर देखि उत्तर नांला र ग्राभेल गर्ने, सुमार्ग प्रेम कार्कीको घर अगाडिको अधूरो नाला निर्माण दोहोरो भएको हुनाले श्रीकृष्णमार्ग दक्षिण पश्चिमवाट रिटेनिङ्ग र ग्राभेल बनाउने ।

ख.श्रुतिमार्गमा पीच निर्माण गर्न रु.८ लाख विनियोजन गरिएकोमा सो हटाई पृथ्वि चौक निर्माणका लागि रु.४ लाख, राधेराधे चौक निर्माण रु.२ लाख र खाल्टाखुल्टी पुर्ने ग्राभेल गर्न २ लाख बनाउने ।

ग.गुरांसमार्ग विराट वहिरा जाने वाटा भएकोमा गुरांसमार्ग बजरगंवली मन्दिर देखि नहर सम्म नाला निर्माण ।

घ.सुर्यदय मार्ग पिच भएकोमा नगरस्तरीय योजनामा रहेको हुनाले सो हटाई राम जांनकी मन्दिर त्रिमूर्ति चौक धर्मशाला निर्माण अनुदान रु.५ लाख गर्ने ।

ङ. खर्च शिर्षक न. ३११५१(पेज न.७७) सामाजिक सुधारका लागि विनियोजन भएको बजेटवाट स्वास्थ्य र शिक्षामा रु. २ लाख, सरसफाईमा रु. १ लाख, जामुनेश्वर सहकारीलाई कृषि तालिम रु. १ लाख ५० हजार साथै सामाजिक सिपमूलक तालिम र लघुवित्त कार्यक्रम संचालनका लागि विराट सामुदायिक अध्ययन केन्द्रलाई रु. १ लाख ५० हजार, नारी विकास संघलाई तालिम अभिमूखिकरण रु. ३० हजार र अन्य सामाजिक सुधार रु. १ लाख ७० हजार राख्ने ।

च. नगरस्तरीय तथा वडा स्तरीय योजनाको सहभागिता वाट वचत रकमवाट किरातेश्वर मार्ग नाला निर्माण रु. ५ लाख, जानकी टोल नाला क्रमागत रु. ५ लाख, रमाईलो टोल फुलवारी मार्ग ग्राभेल ५ लाख, जामुनेश्वर सामुदायिक भवन निर्माण रु. ५ लाख र पशुपतिमार्ग पीच रु.५ लाख कायम गर्ने ।

निर्णय नं.२९

क. खर्च शिर्षक न. ३११५१(पेज न.६७) मा वडा न. १५ को दिनेश शाहको घरदेखि तारणी चौक सम्म नालामा विनियोजन गरिएको रु. ६ लाखलाई फोहोरमैला व्यवस्थापन गर्न रु. १ लाख ८० हजार,खेलकूद तथा विद्यालय स्तरीय कार्यक्रम रु. १ लाख २० हजार र महिला लक्षित कार्यक्रम संचालन गर्न रु. ३ लाख राख्ने ।

ख. खर्च शिर्षक न. ३११५९ (पेज न.९४) ठांउ ठांउमा नो स्मोकिंङ जोन बनाउने शिर्षक हटाई सिद्धार्थमार्गमा रु. १ लाख २० हजार र कम्वल तथा न्यानो कपडा वितरण गर्नका लागि रु.२ लाख ८० हजार राख्ने ।

ग. खर्च शिर्षक न. ३११५१(पेज न.९४) मा वडा न. १५ को हटतालीहाट,भट्टाटोल र वंगाली टोलका साथसाथै सानो गल्ली वाटोलाई आवश्यकता अनुसार आर.सि.सि र पि.सि.सि. गर्ने शिर्षकको रु. ५ लाखलाई हटाई हटतालीहाट,भट्टाटोल र वंगाली टोलका वाटोलाई ग्राभेल गर्ने कार्य गर्ने ।

निर्णय न.३०

महानगरपालिकाले स्वास्थ्य उपचार तथा निशुल्क छात्रवृती जस्ता कार्यका लागि गरिने सिफारिस निशुल्क गर्ने निर्णय गरियो ।

निर्णय न.३१

वडा नं. १३ को आ.व. २०७४/०७५ मा खर्च नभई वांकी रहेको हिलोधुलो मूक्त शिर्षकको भुक्तानी दिन वांकी रकम रु. ६७९५७३।०० आ.व. २०७५/०७६ को वार्षिक वजेट मौज्दात र्क विनियोजित रकमवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.३२

वडा नं. १३ को खर्च शिर्षक न. ३११५१(पेज न.९२) मा रहेको श्री साहको घर अगाडि वाटोमा ग्राभेल हटाई श्री वाल आश्रामवाट पूर्वजाने वाटो माटोहाली ग्राभेल गर्न १ लाख ५० हजार र एम.एम प्लाष्टिक फ्याक्ट्रीदेखि पश्चिम वाटोमा माटोहाली ग्राभेल गर्न १ लाख ५० हजार ।

निर्णय न.३३

महानगरपालिकाको सर्वाङ्गीण विकासका लागि प्रथम नगर सभावाट मनोनित गरिएका विज्ञहरुको समुहलाई कायम राख्दै उक्त समितिमा तपसिल बमोजिमका विज्ञहरु थप गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. प्रा.डा. दामोदर थापा | वातावरण विज्ञ |
| ख. डा. वोधप्रसाद पराजुली | पशु सेवा विज्ञ |
| ग. वरिष्ठ अधिवक्ता श्री हरि न्यौपाने | कानून विज्ञ |

| | |
|---|---|
| घ. मुकेश उपाध्याय | उद्योग संगठन |
| ङ पवन सारडा | अध्यक्ष,मोरगं ब्यापार संघ |
| च. शिव रिजाल | विराट ब्यापार संघ |
| छ बसन्त अर्याल | कृषि विज्ञ |

निर्णय न.३४

आ.व. २०७३।०७४ को अन्तिम लेखा परिक्षणवाट औल्याईएको दफा ६ को प्रशासनीक खर्चको सिमा नाघेको नियमित गर्नुपर्ने वेरुजु रकम रु.७,३७,९७,२८८।४३ यस परिषदवाट अनुमोदन गरी नियमित गर्ने निर्णय गरियो ।

आ.व. २०७३।०७४ को अन्तिम लेखा परिक्षणवाट औल्याईएको दफा १३ को विनियोजित वजेट भन्दा तपसिल वमोजिमका शिर्षकहरुमा भएका वढी खर्च रकम रु.७०,४६,५७०। यस परिषदमाट अनुमोदन गरी नियमित गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| पानी तथा विजुली महशुल | रु.१,०६,६८५। |
| कार्यालय संचालन | रु.१३,४०,८२२। |
| मर्मत तथा संभार | रु.२,९८,६६३। |
| बडा समिति चालु खर्च | रु.५३,००,४००। |
| जम्मा | रु.७०,४६,५७०। |

निर्णय नं. ३५

लक्ष्मी नारायण वेद विद्याश्रम आवशीय संस्कृत माध्यमिक विद्यालाय वडा न. ६ को भवन तथा पर्खाल निर्माण गर्नका लागि रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६

वडा न. ६ मा रहेको रामेश्वर शिव मन्दिर निर्माण समितिलाई सो मन्दिरको पूर्वपट्टिरहेको सिट न. १७९०७४२.०२ र ०७ को कित्ता न. ५ र ६ मा रहेको ऐलानी जग्गामा सामुदायिक भवन निर्माण गर्नका लागि भोगाधिकार प्रदान गर्ने निर्णय गरियो ।